जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ राजविराज दैनिक स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३६ अंक ५८ २०८३ साल असोज १० गते शनिबार (26 Sep 2026 Saturday) मूल्य रु. ५/-

## चट्याङको समयमा सर्तक रहौं

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुखा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : 'जलवायु न्याय' संयुक्त राष्ट्रसंघको. ३ पृष्ठमा : एसियाको उदाउँदो शताब्दीमा ... ३ पृष्ठमा हर्मुज खोल्न ८० देशको.

# हात्ती हिड्ने बाटोमा मानवबस्ती बिस्तार भएकाले बस्ती जोखिममा : आरक्ष निमित्त प्रमुख सिवाकोटी




**दैनिक समाचारदाता**
**राजविराज, ९ असोज ।**
हात्तीको बसोवास गर्ने स्थानमा मानवबस्तिको बिस्तार, अनावश्यक रुपमा हात्तीमाथी आक्रमण, जंगलमा पर्याप्त आहार र पानीको अभाव लगायतका कारण हात्ती बस्ती पस्ने क्रम बढेको जनाइएको छ ।

डिबिजन वन कार्यालय सप्तरीद्वारा शुक्रबार आयोजित "बन्यजन्तु अपराध नियन्त्रणमा संचारमाध्यमको भूमिका" विषय कार्यक्रममा उक्त जानकारी दिइएको हो ।

कार्यक्रममा कोशी टप्पु वन्यजन्तु आरक्ष केन्द्र कुसाहाकी निमित्त प्रमुख प्रतिभा शिवाकोटीले हात्तीको प्राकृतिक बासस्थान र आवागमन मार्गमा मानवीय अतिक्रमण बढ्दै जाँदा हात्ती बस्ती पस्ने समस्या बढेको बताइन् । हात्तिलाई पुरानो बाटो बाटै आवतजावत गर्ने बानी रहेकोले हाल कतिपय स्थानमा मानवबस्ती बिस्तार भइसकेकोले हात्ती सोही बाटोबाट आवतजावत गर्दा मानवबस्ती जोखिममा पर्ने गरेको उनको भनाई थियो ।

उनले हात्तीलाई आक्रमक रूपमा लखेट्नु भन्दा मानव-वन्यजन्तु सहअस्तित्व कायम हुने गरी व्यवस्थापन गर्नुपर्नेमा जोड दिदै सरोकारवालाहरु यसप्रति गम्भिर हुनुपर्ने उल्लेख गरिन् ।

यद्दपी यी समस्याहरु रहे पनि हात्तीको आवागमन हुने क्षेत्रमा सुरक्षा निकायबाट समेत निगरानी भइरहेको उनले बताइन् ।

राष्ट्रिय प्रकृति संरक्षण कोष, कोशी संरक्षण केन्द्रका प्रमुख वीरेन्द्र गौतमले बस्तीमा प्रवेश गरेको हात्तीलाई हतारमा लखेट्नुभन्दा सुरक्षित व्यवस्थापन गर्नुपर्ने बताए । हात्तीको आवागमन क्षेत्र पहिचान गरी नियमित निगरानी, वन कार्यालय, सुरक्षा निकाय र स्थानीय तहबीच तत्काल सूचना आदान-प्रदान गर्नुपर्ने उनको भनाइ थियो ।

हात्ती देखिएपछि नजिक नजाने, नजिस्क्याउने र भीड नगर्ने गरी सचेतना बढाउनुपर्ने तथा संवेदनशील क्षेत्रमा प्रकाश, चेतावनी प्रणाली तथा सुरक्षित अवरोधको व्यवस्था गर्नुपर्नेमा प्रमुख गौतमले जोड दिए । उनले वन्यजन्तुको संरक्षण र आरक्षबाट बाहिर मानवबस्तीमा जान नदिन आरक्षभित्रै बृक्षारोपन गरि विभिन्न प्रजातीका फलफूल, अन्न तथा पानीको मुहान समेत बिस्तार गरिएको जानकारी दिए ।

कार्यक्रममा डिबिजन वन अधिकृत मनोज ठाकुरले सप्तरीमा करिब २१ हजार १ सय ३६ हेक्टर वन क्षेत्र रहेको जानकारी दिँदै जिल्लामा १ सय ३७ वटा सामुदायिक वन रहेको बताए । उनले बन्यजन्तुको आक्रमणबाट कुनै मानविय क्षति भएको खण्डमा घाइतेलाई उपचार खर्च तथा मृतक परिवारलाई मुआब्जा दिने व्यवस्था रहेको बताए ।

कार्यक्रममा वन तथा वन्यजन्तु संरक्षण, मानव-वन्यजन्तु द्वन्द्व, बाली तथा जनधनमा हुने क्षति, वन्यजन्तुको बासस्थान विनाश र क्षतिपूर्तिसम्बन्धी व्यवस्थाका विषयमा छलफल गरिएको थियो ।

नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवणकुमार देवको अध्यक्षतामा आयोजित कार्यक्रममा जिल्लाका संचारकर्मीहरुको सहभागिता रहेको थियो ।

# सप्तकोशीमा पानीको बहाव बढेसँगै ३१ ढोका खोलिए

**दैनिक समाचारदाता**
**सुनसरी, ९ असोज ।**
दुई दिनदेखी परेको अविरल वर्षाका कारण सप्तकोशी नदीमा जलसतह बढेपछि कोशी ब्यारेजका ३१ वटा ढोका खोलिएका छन् ।

शुक्रबार बिहान १०:०० बजे गरिएको जलसतह मापनअनुसार कोशी ब्यारेजमा प्रतिसेकेन्ड एक लाख ९८ हजार २२० क्युसेक पानीको बहाव हुँदा २५ वटा ढोका खोलिएका थिए ।

दिउँसो १:०० बजे पानीको बहाव प्रतिसेकेन्ड दुई लाख २९ हजार ९६० क्युसेक पुगेपछि ३० वटा ढोका खोलिएकामा दिउँसो २:०० बजे पानीको बहाव दुई लाख ४० हजार ५५५ क्युसेक पुगेपछि ३१ वटा ढोका खोलिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी चन्द्रबहादुर खड्काले जानकारी दिए ।

उनका अनुसार कोशी ब्यारेजमा पानीको बहाव एक लाख ५० हजार क्युसेक नाघेपछि सर्वसाधारणलाई सचेत गराउन जोखिमको सङ्केतस्वरूप पश्चिमतर्फ रातो बत्ती बाल्ने गरिन्छ । जलसतह निरन्तर बढिरहेकाले सप्तकोशी आसपासका बासिन्दालाई आवश्यक सतर्कता अपनाउन र जोखिमपूर्ण क्षेत्रमा नजान आग्रह गरिएको सूचना अधिकारी खड्काले बताए ।

# सबै भन्दा बढी पत्रपत्रिका प्रकाशन हुने जिल्ला काठमाडौंपछी सप्तरी दोश्रो

**दैनिक समाचारदाता**
**राजविराज, ९ असोज ।**
प्रेस काउन्सील नेपालले आ.व. २०८२/८३ मा नेपालमा सबैभन्दा बढी पत्रपत्रिका प्रकाशन हुने जिल्ला काठमाडौं तथा दोश्रोमा सप्तरी रहेको जनाएको छ ।

प्रेस काउन्सील नेपालले मुलुकको २० जिल्लामा सबै भन्दा बढी पत्रपत्रिका प्रकाशन हुने जिल्लाको तथ्याङ्क प्रकाशित गर्दै काठमाडौंमा २१६ तथा सप्तरी ७१ वटा पत्रपत्रिका व्यवस्थापन प्रणालीमा अभिलेखीकरण भएको जनाएको छ ।




काउन्सीलको तथ्याङ्क अनुसार सप्तरीमा २० वटा दैनिक, ४९ वटा साप्ताहिक र दुई वटा मासिक पत्रिका प्रकाशित भइरहेका छन् ।

त्यस्तै पर्सामा ५८, धनुषामा ४३, कैलालीमा ३०, झापामा २८, बारामा २४, सुनसरीमा २३, काभ्रेपलानचोकमा २२, भक्तपुर, मकवानपुर र मोरडमा २०/२० वटा पत्रपत्रिका प्रकाशित भइरहेको सो तथ्याङ्कमा उल्लेख छ ।

यसैगरि कंचनपुरमा १८, बाँकेमा १७, उदयपुरमा १६, ललितपुरमा १५, चितवन र तनहुँमा १३/१३, सिन्धुपालचोक र सिन्धुलीमा १२/१२ वटा पत्रपत्रिका प्रकाशित भइरहेको जनाएको छ ।

# हुण्डीमार्फत एक अर्बभन्दा बढी कारोबार गर्ने पक्राउ

काठमाडौं, ९ असोज (रासस) ।
नेपाल प्रहरीले अवैध हुण्डीमार्फत रु एक अर्ब बढीको कारोबार गरेको अभियोगमा एक महिलालाई पक्राउ गरेको छ ।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)को टोलीले अवैध हुण्डीमार्फत रु एक अर्ब तीन करोड ८४ लाख ७५ हजार ८४५ कारोबार गरेको आरोपमा सुनसरी धरान उपमहानगरपालिका-१३ की ज्योति शाहीलाई बिहीबार पक्राउ गरेको हो ।

ब्यूरोका प्रवक्ता अनुपमशमशेर जबराले श्रमिकले विदेशमा आर्जन गरेको रकम अनौपचारिक माध्यमबाट नेपाल भित्रचाई विभिन्न व्यक्तिका नाममा रहेको बैंक खातामार्फत कारोबार गर्ने गरेको सूचनाका आधारमा शाहीलाई पक्राउ गरिएको जानकारी दिनुभयो ।

शाहीले विदेशबाट प्राप्त रकमलाई स-साना भागमा विभाजन गरी कनेक्ट आइपीएसलगायत विद्युतीय तथा डिजिटल माध्यमबाट असम्बन्धित व्यक्तिका बैंक खातामा पठाउने गरेको र सोही माध्यमबाट हुण्डी

*बाँकी तीन पृष्ठमा*

**चाडपर्व मनाऔः सामाजिक सद्भाव कायम राखौं**

❖ आ-आफ्ना धर्म, संस्कृति, परम्परा र मौलिकताको सम्मान गर्दै चाडपर्व मनाऔं,
❖ चाडपर्वका अवसरमा परिवार, आफन्त र समुदायबीच प्रेम, सद्भाव र भाइचारा बढाऔं,
❖ धार्मिक तथा सांस्कृतिक विविधतालाई साझा सम्पत्तिका रूपमा सम्मान गरौं,
❖ चाडपर्वका नाममा हुने भेदभाव, वैमनस्यता, झै-झगडा र हिंसाबाट टाढा रहौं,
❖ सामाजिक सञ्जालमा घृणा, अफवाह तथा विभाजनकारी सामग्री फैलाउने कार्य नगरौं,
❖ मितव्ययी, सुरक्षित र सभ्य ढंगले आपसी सम्मान र सद्भावकासाथ चाडपर्व मनाऔं ।

चाडपर्वको खुसी बाँडौं, सामाजिक सद्भाव र राष्ट्रिय एकता बलियो बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### हात्ती प्रवेश गर्ने र मानव-वन्यजन्तु द्वन्द्व बढ्ने घटना चिन्ताको विषय

अहिले विभिन्न वन क्षेत्र आसपासका बस्तीमा हात्ती प्रवेश गर्ने र मानव-वन्यजन्तु द्वन्द्व बढ्ने घटना चिन्ताको विषय बनेको छ । हात्ती आफैंले मानव बस्ती रोजेर आउनेभन्दा पनि उसको प्राकृतिक बासस्थान, आहार र आवतजावत गर्ने बाटोमा मानवीय हस्तक्षेप बढ्दै जाँदा यस्तो अवस्था सिर्जना हुने गरेको पाइन्छ । वन क्षेत्र साँघुरिँदै जानु, जंगलभित्र पर्याप्त आहार तथा पानीको अभाव हुनु, वन्यजन्तुको परम्परागत आवतजावत गर्ने मार्गमा बस्ती तथा खेती विस्तार हुनु र जंगल आसपासमा आकर्षक बाली लगाइनुले हात्तीलाई बस्ती नजिक आउन प्रेरित गर्न सक्छ। विशेषगरी धान, मकै, उखु, केरा लगायतका बाली हात्तीका लागि आकर्षक आहार बन्न सक्छन् । त्यसैले बाली पाक्ने समयमा हात्ती बस्ती र खेतबारीमा प्रवेश गर्ने जोखिम अझ बढ्छ ।

मानव-हात्ती द्वन्द्वले किसानको बालीनाली नष्ट हुनुका साथै घर तथा सम्पत्तिमा क्षति पुऱ्याउने र कहिलेकाहीँ मानवीय तथा हात्तीको ज्यानसमेत जाने अवस्था सिर्जना गर्छ । यस्तो घटनालाई केवल हात्तीको समस्या भनेर हेर्नु उचित हुँदैन । यो वन संरक्षण, भू-उपयोग, बस्ती विस्तार र वन्यजन्तुको प्राकृतिक बासस्थानसँग जोडिएको विषय हो । यसका लागि हात्तीको आवतजावत गर्ने करिडोर तथा प्राकृतिक मार्गको संरक्षण, वन क्षेत्रमा पानी र आहारको व्यवस्थापन, जोखिमयुक्त क्षेत्रमा पूर्वसूचना प्रणाली र प्रभावकारी विद्युतीय वा जैविक बारजस्ता सुरक्षित उपाय आवश्यक छन् ।

हात्तीलाई जंगलमै सुरक्षित राख्न सकियो भने मानव बस्तीमा उसको प्रवेश पनि घटाउन सकिन्छ । त्यसैले मानव र वन्यजन्तुबीचको द्वन्द्व घटाउने दीर्घकालीन समाधान प्रकृति संरक्षणसँगै स्थानीय समुदायको सुरक्षा र जीविकोपार्जनलाई केन्द्रमा राखेर खोजिनुपर्छ । साथै स्थानीय समुदायलाई वन्यजन्तुसँग सुरक्षित सहअस्तित्वका उपायबारे निरन्तर सचेत बनाउनुपर्छ ।

### बाढी/पहिरोबाट सतर्क रहौं ।

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौ र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**

# ‘जलवायु न्याय’ संयुक्त राष्ट्रसंघको दस्तावेजमा मात्र सीमित हुन हुँदैन : प्रधानमन्त्री

काठमाडौं, ९ असोज (रासस) ।

प्रधानमन्त्री वालेन्द्र शाहले ‘जलवायु न्याय’ संयुक्त राष्ट्रसङ्घको दस्तावेजमा सुन्दर वाक्यमा मात्र सीमित हुन नहुने बताउनुभएको छ ।

शुक्रबार संयुक्त राष्ट्रसङ्घको ८१औं महासभामा सम्बोधन गर्नुहुँदै उहाँले ‘जलवायु न्याय’ संयुक्त राष्ट्रसङ्घको दस्तावेजमा सुन्दर वाक्यमा मात्र सीमित हुन नहुने उल्लेख गर्दै हाम्रा देशका मानिसहरूलाई बारम्बार विगतको पुनर्निर्माणमा संलग्न गराइनुको साटो आफ्नो भविष्य बनाउने अवसर दिइनुपर्नेमा जोड दिनुभयो ।

प्रधानमन्त्री शाहले भन्नुभयो, “हिन्दूकुश हिमालय करिब दुई अर्ब मानिसको घर हो । यी पर्वतहरूले नेपालभन्दा धेरै परसम्म रहेका जनसङ्ख्यालाई पानी, पारिस्थितिक प्रणाली, कृषि र जीविकोपार्जन प्रदान गर्छन् । हिमालय पृथ्वीको छेउमा रहेको भूभाग मात्रै होइन, यो पृथ्वीको जीवन-सहयोग प्रणालीको महत्वपूर्ण हिस्सा पनि हो ।”

**सम्बोधनको पूर्णपाठः**

श्रीमान् अध्यक्षज्यू,
श्रीमान् महासचिवज्यू,
महामहिमज्यूहरू,
सम्माननीय प्रतिनिधिज्यूहरू,
महिला तथा सज्जनवृन्द,

म यहाँ तपाईंहरूसामु हिमालयमा रहेको एउटा टाढाको देश नेपालका तर्फबाट मानवतालाई नजिकैदेखि दिइरहेको चेतावनी लिएर आएको छु । आज म यहाँ विकास, लोकतन्त्र, शान्ति र एउटा राष्ट्रको आशाबारे मात्रै बोल्न चाहन्थेँ । तर, त्यसको सट्टा, म मृत्यु र अकल्पनीय विनाशबारे बोल्छु । ती परिवारबारे जो कहिल्यै घर नफर्कने आफ्ना प्रिजयनलाई पर्खिरहेका छन् । ती समुदायबारे जसले लेदो, ढुङ्गामाटो, पानीभित्र आफ्ना मानिसको खोजी गरिरहेका छन्, जसको शरीर अब कहिल्यै नभेटिन सक्छ । ती पुल, सडक, विद्यालय, घर र जीविकोपार्जनका माध्यम निमेषभरमै बगेर गए । एउटा देशबारे जसले दिगो विकासको लक्ष्य हासिल गर्ने दिशामा निरन्तर प्रगति गरिरहेको थियो त्यसमा अवरोध पुगेको छ ।

चार साताअघि विश्वले नेपालको हिमाली समुदायमा तीव्रताका साथ आएको विनाशकारी बाढीको भयावह दृश्य देख्यो, जसलाई धेरैले ‘हिमालयन सुनामी’ भनेका छन् । भोटेकोशी-त्रिशूली नदी आसपासका क्षेत्रमा भएको विपद् स्थानीय त्रासदी मात्रै थिएन, यो विश्वका लागि एउटा चेतावनी पनि थियो । र, म आज तपाईंहरुसँग सोध्छु- के हामीले साँच्चै त्यो चेतावनी सुनेका छौं ?

करिब तीन वर्षअघि, संयुक्त राष्ट्रसङ्घका महासचिवले हाम्रो सगरमाथा क्षेत्रमा उभिएर नजिकिँदै गरेको जलवायु विपत्तिको भयावह अवस्थाबारे मानवतालाई चेतावनी दिनुभएको थियो । विश्वको छानोबाट आएको त्यो चित्कार बुलन्द रूपमा सुनिएन । हामीले नेपालमा सुन्यौं, हाम्रो समुदायले सुन्यो । विश्वभरका वैज्ञानिकले सुने । उनीहरूले प्रमाणसहित त्यसलाई दोहोऱ्याइरहे । तर हामी, विश्वका राजनीतिक नेतृत्वले त्यो चेतावनीलाई जोखिममा रहेका मानिसको आवश्यकताअनुसार तीव्र गतिमा कार्यान्वयनमा बदल्न बेवास्ता गऱ्यौं । त्यसको दुःखद् परिणाम हामीले गत महिना भोग्यौं ।

तातिँदै गरेको जलवायुले नाजुक हिमालयको पारिस्थितिक प्रणालीलाई अस्थिर बनाएको छ । हिउँले जमेको माटो पग्लिँदा हिमालको भिरालो भू-भागमा चिरा परेका छन् । हिमचट्टानसहितको पहिरो, बाढीलगायत शृङ्खलाबद्ध जोखिम बढिरहेका छन् ।

परिणामस्वरुप यस विनाशले नेपाल-चीन सीमाका दुवैतर्फको भू-भागमा ठूलो क्षति पुऱ्यायो । बाढी निरन्तर भारततिर बग्दै गयो । यसले हामीलाई एउटा आधारभूत कुरा बताउँछ । जलवायु परिवर्तनले सीमा चिन्दैन । हिमनदी र बाढी ‘पासपोर्ट’मा ‘भिसा’ लगाएर यात्रा गर्दैनन् ।

**महामहिमज्यूहरू,**

म, यहाँ गुनासो गर्न होइन, केही सुझाव साझा गर्न आएको हुँ । सर्वप्रथम, विपत्तिपछि नेपाललाई सहयोग गर्न आउने सबैप्रति गहिरो कृतज्ञता व्यक्त गर्दछु । हाम्रा छिमेकी मुलुक भारत र चीनले तत्कालै र खुला हृदयका साथ सहयोग गरे । अन्य मित्रराष्ट्रहरू, संयुक्त राष्ट्रसङ्घीय प्रणाली, मानवीय सहायता प्रदायक संस्था, परोपकारी संस्था तथा विश्वभरका मानिस नेपालसँगै उभिनुभयो । म उहाँहरु सबैलाई नेपाली जनताका तर्फबाट कृतज्ञतासहित धन्यवाद भन्न चाहन्छु ।

नेपालले अहिले पुनःस्थापना र पुनर्निर्माणको विशाल कार्यको सामना गरेको छ । कम्तीमा एक हजार ४०० जनाको मृत्यु भएको पुष्टि भइसकेको छ भने छ हजारभन्दा बढी मानिस अझै बेपत्ता छन् । हाम्रो द्रुत क्षति आकलनअनुसार अब भौतिक पुनःस्थापनाका लागि नेपालको कुल गार्हस्थ उत्पादन ( जिडिपी)को १० प्रतिशत आवश्यक देखिन्छ ।

सन् २०१५ मा नेपालमा गएको ‘गोरखा भूकम्प’पछिको पुनर्निर्माणमा जस्तै यसपटक पनि हामी ऐक्यबद्धतासहित तपाईंहरूको सहयोगको अपेक्षा गर्छौं । तर, यो विपद् नेपालबाहेकका लागि पनि किन अर्थपूर्ण छ भन्ने हामीले बुझ्नुपर्छ । विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नेपालको योगदान ०.१ प्रतिशतभन्दा कम छ । यो सङ्कट हामीले सिर्जना गरेका होइनौं । तर, यसको ठूलो मूल्य हामीले चुकाइरहेका छौं । हाम्रा हिमनदी खुम्चिँदै गएका छन् । हाम्रा हिमालका भिराला भू-भाग अस्थिर बन्दै गएका छन् । हाम्रा नदी पूर्वानुमान गर्न नसकिने अवस्थामा पुगेका छन् । प्रत्येक ठूला विपद्ले हामीले वर्षौं लगाएर निर्माण गरेका विकासका पूर्वाधारलाई ध्वस्त बनाउने चेतावनी दिइरहेका छन् । नेपालका लागि जलवायु विपद् मानवीय घटना मात्रै होइन, विकासको सङ्कट पनि हो । यसले सडक, पुल, विद्यालय, घर, खेतीयोग्य जमिन र जीविकोपार्जनका माध्यमलाई क्षति पुऱ्याउँछ । यसले गरिब देशले गरेको नगन्य गल्तीबाट भएको क्षतिको भरपाइका लागि ठूलो ऋण लिन बाध्य बनाउँछ ।

हामी कुनै देश वा महादेशलाई दोष दिन यहाँ आएका होइनौं । हामी जलवायु परिवर्तनलाई अर्को भू-राजनीतिक युद्धभूमिमा परिणत गर्न पनि यहाँ आएका होइनौं । हामी यहाँ सबैलाई आफ्नो जिम्मेवारी र ऐक्यबद्धतामा पुनःप्रतिबद्ध हुन आग्रह गर्न आएका हौं ।

जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय प्रारूप महासन्धिमार्फत अन्तरराष्ट्रिय समुदायले साझा तर फरकफरक जिम्मेवारी तथा आ-आफ्नो क्षमताको सिद्धान्तमा पहिले नै सहमति जनाइसकेको छ । जसले ऐतिहासिक रूपमा समस्यामा बढी योगदान गरेका छन् र जोसँग प्रतिक्रिया जनाउने बढी क्षमता छ, उनीहरूले बढी गर्नुपर्छ ।

‘जलवायु न्याय’ संयुक्त राष्ट्रसङ्घको दस्तावेजमा सुन्दर वाक्यमा मात्र सीमित हुनुहुँदैन । हाम्रो देशका मानिसलाई बारम्बार पुनर्निर्माणमा संलग्न गराइनुको साटो आफ्नो भविष्य बनाउने अवसर दिइनुपर्छ ।

**महामहिमज्यूहरू,**

हिन्दूकुश हिमालय करिब दुई अर्ब मानिसको घर हो । यी पर्वतले नेपालभन्दा धेरै परसम्म रहेका जनसङ्ख्यालाई पानी, पारिस्थितिक प्रणाली, कृषि र जीविकोपार्जन प्रदान गर्छन् । हिमालय पृथ्वीको छेउमा रहेको भू-भाग मात्रै होइन, यो पृथ्वीको जीवन-सहयोग प्रणालीको महत्वपूर्ण हिस्सा पनि हो ।

त्यसैले पहिलो आकस्मिक कदमका रूपमा नेपाल, भारत र चीनको नेतृत्वमा हिमालय जलवायु उत्थानशीलता संयन्त्र स्थापना गर्न हामी प्रस्ताव गर्छौं । यस संयन्त्रमार्फत हामी भू-उपग्रहसम्बन्धी तथ्याङ्क र विशेषज्ञता साझा गरौं । जोखिमयुक्त हिमतालको अनुगमन गरौं । संयुक्त पूर्वसूचना प्रणालीलाई सुदृढ बनाऔं । र, जब विपद् आउँछ, सीमापार सहयोगलाई समन्वय गरौं ।

हिमालयलाई छरिएका सूचनाभन्दा अन्तरराष्ट्रिय सहयोगको एउटा प्रयोगशाला बनाऔं । नेपाल एउटा अतिकम विकसित देश भएर पनि यस देशले आफ्नो पारिस्थितिक हिस्साभन्दा धेरै ठूलो वैश्विक भूमिका निर्वाह गरिरहेको छ । हामीले आफ्नो भू-भागको करिब आधा हिस्सा ढाक्नेगरी वन क्षेत्र विस्तार गरेका छौं । आफ्ना स्वच्छ ऊर्जाको आवश्यकता पूरा गर्न र बाहिरबाट आएको प्रदूषणको स्रोतलाई विस्थापित गर्न तीव्रगतिमा जलविद्युत् आयोजना विकास गरिरहेका छौं । युरोपका केही भू-भागसँग तुलना गर्न मिल्ने दरमा विद्युतीय सवारीसाधनको प्रयोगलाई प्रवर्द्धन गरिरहेका छौं । स्थानीय तहमा जलवायु अनुकूलनलाई सुदृढ बनाइरहेका छौं । दोहोरिरहने जलवायु विपद्को सामना गर्न अझ बढी कदम चाल्नेछौं । तर नेपाल एक्लैले विश्वव्यापी शासन व्यवस्थाको असफलताबाट सिर्जित सङ्कटविरुद्ध उत्थानशीलता निर्माण गर्न सक्दैन ।

त्यसैले यस महासभाले यी छ शब्दलाई ध्यान दिनुपर्छः राहत, पुनःस्थापना, पुनर्निर्माण, जिम्मेवारी, क्षतिपूर्ति र उत्थानशीलता । यसमा पहिला तीन वटा विपद्पछि हामीलाई आवश्यक पर्छन् । पछिल्ला तीन वटा विपद्लाई स्थायी अवस्थाका रूपमा परिणत हुन नदिन हामीलाई आवश्यक पर्छन् । जब जलवायुजन्य विपद्ले गरिब देशको पूर्वाधार नष्ट गर्छ, त्यसको उत्तर अर्को ठूलो ऋण वा टुक्रे अनुदान मात्र हुन सक्दैन ।

हामीलाई विश्वबाट अनुदानमा आधारित पर्याप्त सहयोग आवश्यक छ । क्षति तथा नोक्सानी कोष, विश्वव्यापी वातावरणीय सुविधा र अन्य सम्बन्धित वित्तीय संयन्त्र अझै अपर्याप्त छन् । जलवायु वित्त यस्तो कर्मचारीतन्त्रको जाल बन्नु हुँदैन, जसबाट कमजोर देशले आफूलाई आवश्यक सहयोगका लागि वर्षौंसम्म प्रमाणित गर्नुपरोस् । जब घरमा आगो लाग्छ, तब हामी परिवारलाई ५० वटा फाराम भर्न लगाउँदैनौं । हामी काम गर्छौं । जलवायु न्यायको अर्थ पनि यही हुनुपर्छ ।

**महामहिमज्यूहरू,**

यसले मलाई एउटा ठूलो प्रश्नतर्फ जोड्छ । हामी कस्तो अन्तरराष्ट्रिय व्यवस्था चाहन्छौं ? संयुक्त राष्ट्रसङ्घ, मानवताले भोगेको भयावह विश्वयुद्धको अनुभवबाट जन्मिएको हो । यसको वाचा सार्वभौमिकता महत्वपूर्ण हुन्छ भन्ने थियो । अन्तरराष्ट्रिय कानुन महत्वपूर्ण हुनेछ । हरेक मानवको गरिमा महत्वपूर्ण हुनेछ । कमजोरले शक्तिशालीले जे निर्णय गर्छन्, त्यो मात्र स्वीकार गर्नुपर्ने छैन । आज त्यो अन्तरराष्ट्रिय प्रणाली दबाबमा छ । धेरैपटक सैन्य र आर्थिक शक्तिले कसको आवाज सुनिन्छ भन्ने निर्धारण गर्छ । नेपाल निष्पक्ष

*बाँकी तीन पृष्ठमा*

# एसियाको उदाउँदो शताब्दीमा नेपाललाई आर्थिक, 'डिजिटल' र रणनीतिक 'ब्रिज' बनाउने लक्ष्य छ : परराष्ट्रमन्त्री

काठमाडौँ, ९ असोज (रासस)।

परराष्ट्रमन्त्री शिशिर खनालले एसियाको बढ्दो आर्थिक तथा रणनीतिक प्रभावका बीच नेपालको भौगोलिक अवस्थालाई अवसरमा रूपान्तरण गर्दै नेपाललाई एसियाको आर्थिक, डिजिटल र रणनीतिक 'ब्रिज' का रूपमा अघि बढाउनुपर्ने बताउनुभएको छ।

एसिया सोसाइटीद्वारा न्युयोर्कमा शुक्रबार आयोजित 'स्टिरिङ नेपाल्स फ्युचर इन एसियाज राइजिङ सेन्चुरी' अर्थात् 'एसियाको उदाउँदो शताब्दीमा नेपालको भविष्यको मार्गदर्शन' विषयक कार्यक्रममा सम्बोधन गर्दै उहाँले नेपालले भौगोलिक चुनौतीलाई राष्ट्रिय आकांक्षाको सीमाका रूपमा लिन नहुने बताउनुभयो।

नेपाललाई परम्परागत रूपमा 'सानो मुलुक' का रूपमा हेर्ने दृष्टिकोण परिवर्तन गर्नुपर्नेमा जोड दिँदै उहाँले नेपाल रणनीतिक रूपमा महत्वपूर्ण स्थानमा रहेको बताउनुभएको परराष्ट्रमन्त्रीको निजी सचिवालयले जनाएको छ।

"नेपाल सानो होइन। नेपाल रणनीतिक रूपमा सही स्थानमा छ, "मन्त्री खनालले भन्नुभयो, "हाम्रा छिमेकीको आकार भूगोलको यथार्थ हो, तर त्यो हाम्रो महत्त्वाकांक्षाको सीमा कहिल्यै बन्नु हुँदैन। "उहाँले नेपालको भूगोल र जनसङ्ख्यालाई अन्य मुलुकसँग तुलना गर्दै नेपाललाई सानो मुलुकका रूपमा मात्र बुझ्न नहुने धारणा राख्नुभयो।

हालैको बाढीको प्रसङ्ग उल्लेख गर्दै मन्त्री खनालले त्यसलाई 'हिमालयन सुनामी' को संज्ञा दिनुभयो, "नेपालले लामो समयदेखि प्राकृतिक विपत्ति, कठिन भूगोल र संरचनात्मक चुनौती सामना गर्दै आएको छ", उहाँले भन्नुभयो।

परराष्ट्रमन्त्री खनालले पछिल्लो विपत्तिले जलवायु परिवर्तनलाई नेपालको परराष्ट्र नीतिको रणनीतिक प्राथमिकताका रूपमा लिनुपर्ने स्पष्ट सन्देश दिएको बताउनुभयो। उहाँले प्रभावकारी पूर्वसूचना प्रणाली, जलसम्बन्धी तथ्याङ्क आदानप्रदान, पूर्वानुमानयोग्य अनुदानमा आधारित जलवायु वित्त तथा छिमेकी र अन्तरराष्ट्रिय समुदायसँग व्यावहारिक सहकार्यलाई प्राथमिकता दिनुपर्ने उल्लेख गर्नुभयो।

एसियाको उदयलाई नेपालका लागि महत्वपूर्ण अवसरका रूपमा व्याख्या गर्दै उहाँले विश्वको करिब ६० प्रतिशत जनसङ्ख्या एसियामा रहेको र विश्व अर्थतन्त्रमा एसियाको ठूलो योगदान रहेको बताउनुभयो। मन्त्री खनालले काठमाडौंलाई एसियाको आर्थिक तथा सामाजिक रूपान्तरणको महत्वपूर्ण केन्द्रका रूपमा विकास गर्न सकिने बताउनुभयो। "हाम्रो प्रश्न अब दुई ठूला छिमेकीबीच नेपाल कसरी बाँच्ने भन्ने होइन। हाम्रो प्रश्न हो-नेपालले उनीहरूबीच र उनीहरूभन्दा बाहिर कसरी मूल्य सिर्जना गर्ने?", उहाँले भन्नुभयो।

गौतम बुद्धको जन्मस्थल लुम्बिनी तथा अरनिको र भृकुटीजस्ता राष्ट्रिय विभूतिले नेपाललाई एसियाली सभ्यता र संस्कृतिको महत्वपूर्ण सम्पर्कस्थल बनाएको उहाँको भनाइ थियो। "हाम्रा पुर्खाले एउटा स्पष्ट सत्य बुझेका थिए- सम्पर्कले समृद्धि सिर्जना गर्छ, अलगावले गरिबी बढाउँछ", मन्त्री खनालले भन्नुभयो।

नेपालको जलविद्युत् उत्पादन क्षमतालाई क्षेत्रीय आर्थिक रूपान्तरणसँग जोड्न सकिने उल्लेख गर्दै उहाँले स्वच्छ विद्युत् भारत हुँदै बङ्गलादेशसम्म निर्यात भइरहेको बताउनुभयो। सीमावर्ती विशेष आर्थिक क्षेत्रमा उत्पादन विस्तार गरी विश्वव्यापी आपूर्ति शृङ्खलालाई नेपालसँग जोड्न सकिने पनि उहाँले बताउनुभयो• ।

उत्तर छिमेकी चीनसँग नेपालको सहकार्यलाई व्यावहारिक, व्यावसायिक र दीर्घकालीन आधारमा अघि बढाउनुपर्ने बताउँदै मन्त्री खनालले सडक, सुरुङ, सुख्खा बन्दरगाह, हवाई सेवा, डिजिटल सम्पर्क र सीमापार रेलसहितको बहुआयामिक ट्रान्स-हिमालयन कनेक्टिभिटी विकास गर्नुपर्नेमा जोड दिनुभयो।

नेपालको भविष्य नेपाली जनताले निर्धारण गर्नुपर्ने भए पनि त्यसका लागि अन्तरराष्ट्रिय साझेदारीमा जोड दिँदै मन्त्री खनालले अमेरिका, युरोप, आसियान, ल्याटिन अमेरिका तथा अन्य साझेदारलाई नेपालमा लगानी, सहकार्य र साझेदारीका लागि स्वागत गर्नुभयो।

---

## *'जलवायु न्याय'* ...

विश्वव्यापी आर्थिक व्यवस्थामा विश्वास गर्छ।

सन् १९९४ मा संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमको मानव विकास प्रतिवेदनले 'मानवीय असुरक्षा'को अवधारणा अघि सारेको थियो। यसले सुरक्षालाई भू-भागभन्दा मानिससँग र हतियारभन्दा विकाससँग जोडेको थियो। यसले डर र अभावबाट स्वतन्त्रता सुनिश्चित गर्न शान्तिको लाभांश प्रयोग गर्न आह्वान गरेको थियो।

गत मार्चमा नेपालमा इतिहासकै सबैभन्दा निष्पक्ष र शान्तिपूर्ण निर्वाचन भयो। त्यसबाट निर्वाचित बहुमतको सरकारले त्यसयता धेरै अन्तरराष्ट्रिय प्रतिकूलताको सामना गर्नुपरेको छ। जब नेपालका एक गरिब किसानले यस मनसुनमा आफ्नो खेतमा बीउ छर्न खोज्नुभयो, समयमै मल पाउनुभएन। जब राजमार्गमा कालोपत्र गर्न खोज्यौँ, 'बिटुमिन' पाएनौँ। जब परिवारले साँझको खाना पकाउन खोज्यो, त्यसबेला खाना पकाउने इन्धन भएन।

एकातिर हिमनदी पग्लिरहेका छन् र बाली उत्पादन घटिरहेको छ, बिना चेतावनी बाढी आइरहेको छ। अर्कोतिर, विश्वव्यापी आपूर्ति शृङ्खलाले गरिब मानिसलाई उनीहरूको आफ्नो नियन्त्रणभन्दा बाहिरका कारणका लागि सजाय दिइरहेको छ।

अन्तरमहादेशीय क्षेप्यास्त्र समयमै पुग्छन्। राइफल र गोलीगट्ठा सबै अवरोध तोड्दै समयमै सीमा पार गर्छन्। तर नेपालका एक किसानले आवश्यकता परेको समयमा बजार मूल्यमा मल वा इन्धन खरिद गर्न सक्नुहुन्न।

हामीले यस्तो संसार बनाएका छौँ, जहाँ युद्धका लागि आवश्यक सामान आपूर्ति गर्न सजिलो छ, तर खाद्यान्नका लागि निकै कठिन छ। यो नेपालको मात्रै दुर्भाग्य होइन। बङ्गलादेशलाई सोध्नुहोस्। भुटानलाई सोध्नुहोस्। भारतलाई सोध्नुहोस्। माल्दिभ्सलाई सोध्नुहोस्। पाकिस्तानलाई सोध्नुहोस्। श्रीलङ्कालाई सोध्नुहोस्। हाम्रो क्षेत्रका अन्य कुनै पनि देशलाई सोध्नुहोस्। तपाईंले उस्तै जवाफ पाउनुहुनेछः हामीले नतताएको जलवायुबाट प्रभावित र सुरु नगरेका युद्धबाट फेरि प्रभावित। यसले हामीलाई वर्तमान विश्वव्यापी सहकार्यको व्यवस्थामा देखिएको भन्दा धेरै कुरा बिग्रिएको छ भन्ने स्पष्ट पार्छ।

**महामहिमज्यूहरू,**

मलाई भनिएको छ, म यो वर्ष यस महासभालाई सम्बोधन गर्ने सबैभन्दा कान्छो सरकार प्रमुख हुँ। तर, मैले यहाँ यसलाई मुख्य कथा बनाउन आएको होइन। यहाँ यस मञ्चबाट जे-जति कुरा भनिए पनि म एउटा कुरा स्पष्ट रूपमा भनियोस् भन्ने सुनिश्चित गर्न आएको हुँः भुक्तानी गर्न तयार रहेको देशले खरिद गर्न सक्षम हुनुपर्छ र ७२ घण्टाभित्र संसारको जुनसुकै ठाउँमा हतियार पुऱ्याउनसक्ने विश्वसँग एउटा किसानलाई सम्मानजनक जीविकोपार्जनका साधनबाट वञ्चित गर्न कुनै बहाना बनाउनु हुँदैन। हामी बहुपक्षीयतामा विश्वास गरिरहन्छौँ। यसैले हामीलाई यस्तो संयुक्त राष्ट्रसङ्घ आवश्यक छ, जहाँ साना र गरिब देशको उपस्थिति महसुस होस् र हामी न्यायपूर्ण परिणामका लागि सँगै काम गर्न सकौँ। त्यसैले जलवायु न्याय पैसाको विषय मात्रै होइन। यो खर्च कसले बेहोर्छ भन्ने वितरणात्मक न्यायको विषय हो। यो कसको आवाज सुनिन्छ भन्ने प्रक्रियागत न्यायको विषय हो। साथै पर्वतीय समुदाय, साना टापु राष्ट्र, भू-परिवेष्ठित तथा कम विकसित देश र जन्मिन बाँकी पुस्ताको भविष्यलाई समान रूपमा महत्व दिइन्छ कि दिइँदैन भन्ने विषय पनि हो। संयुक्त राष्ट्रसङ्घमा भोलिदेखि आयोजना हुने 'सगरमाथादेखि समुद्रसम्म' साइड-इभेन्टबाट नेपाल यो संवादको नेतृत्व गर्न सहयोग गर्न तयार छ।

**श्रीमान् अध्यक्षज्यू तथा महामहिमज्यूहरू,**

हामी अहिले गहिरो विश्वव्यापी अनिश्चितताको मोडमा उभिएका छौँ। नयाँ पुस्ताको चाहना प्रतिबिम्बित गर्ने ताजा लोकतान्त्रिक जनमतका साथ यस महासभामा उपस्थित भएका छौँ। हाम्रा युवाले इमानदारी र जवाफदेहिताको राजनीति माग गरेका छन्। यो पुस्तान्तरण राष्ट्रिय विषय मात्रै होइन। यो द्वन्द्व, असमानता र न्यून अवसरविरुद्ध विश्वव्यापी जागरणको हिस्सा पनि हो। म नेतृत्वको सरकार एउटा यस्तो राज्य निर्माणमा प्रतिबद्ध छ। जहाँ मर्यादित रोजगारी, सामाजिक सुरक्षा र प्रत्येक नेपालीलाई आफ्नै घरमा बस्ने चाहना पूरा गर्ने अवसर प्राप्त हुनेछ।

नेपालमा गएको बाढीले बढ्दो चरम मौसमी घटनाबाट आकार लिने भविष्यको सङ्केत गर्छ। त्यसैले हामीले तत्कालको उपाय छाडेर दीर्घकालीन पूर्वतयारीको दिशातर्फ अघि बढ्ने संस्कृतिको विकास गर्नुपर्छ। हामी उत्थानशीलताका लागि वित्तीय व्यवस्था र बिमा तथा नवप्रवर्तनमा लगानी गरौँ। अझ बलियो पूर्वाधार र संस्था निर्माण गरौँ। जीवाश्म इन्धनको निर्भरता घटाऔँ। चेतावनी दिने, सचेत गराउने र जीवन बचाउने प्रणाली निर्माण गरौँ। कमजोरलाई सबैभन्दा कम शक्ति दिने व्यवस्थामा सुधार गरौँ। जब विश्वको छानोबाट अर्को चेतावनी आउँछः त्यो सुन्न तयार रहौँ, र त्यसैअनुसार काम गर्न पनि तयार रहौँ। भगवान् पशुपतिनाथले विश्वको कल्याण गरून्। यो विश्व बुद्धले देखाएको बाटोमा हिँड्न सकोस्। धन्यवाद, नमस्ते।

## *हुण्डीमार्फत* ...

कारोबार सञ्चालन गरेको खुलेको छ।

शाहीले घरेलु तथा साना उद्योग कार्यालय इटहरी, सुनसरीमा दर्ता रहेको 'शाही मनि ट्रान्सफर'को नामबाट कृषि विकास बैंक, सेन्चुरी कमर्सियल बैंक, ग्लोबल आइएमई बैंकलगायत ५२ वटा बैंक तथा वित्तीय संस्थामा उक्त रकम कारोबार गरेको पाइएको छ।

हुण्डीसम्बन्धी कसुरमा अनुसन्धानका लागि जिल्ला अदालत सुनसरीबाट पक्राउ अनुमति लिई शाहीलाई धरानको खैरेनीबाट पक्राउ गरिएको ब्यूरोले जनाएको छ। पक्राउ परेकी शाहीमाथि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

---

# विश्व समाचार

## हर्मुज खोल्न ८० देशको आह्वान

न्युयोर्क, ९ असोज (रासस/एएनआई)।

बहराइनको नेतृत्वमा संयुक्त राष्ट्रसङ्घका ८० सदस्य राष्ट्रले पश्चिम एसियामा बढ्दो तनावबीच रणनीतिक हर्मुज जलघाँटी तत्काल र पूर्ण रूपमा खोल्न तथा त्यहाँबाट जहाजको सुरक्षित र निर्बाध आवतजावत सुनिश्चित गर्न आह्वान गरेका छन्।

बहराइनका विदेशमन्त्री अब्दुल लतिफ अल-जयानीले संयुक्त राष्ट्रसङ्घको ८१औँ महासभाका क्रममा न्युयोर्कस्थित संयुक्त राष्ट्रसङ्घको मुख्यालयमा आयोजित पत्रकार सम्मेलनमा सहभागी देशहरूको तर्फबाट उक्त आह्वान गर्नुभएको हो। उहाँले हर्मुज जलघाँटीमा देखिएको अवरोधले अन्तर्राष्ट्रिय व्यापार, ऊर्जा सुरक्षा र विश्व अर्थतन्त्रमा गम्भीर असर पार्न सक्ने बताउनुभयो।

बहराइनको विदेश मन्त्रालयका अनुसार अल-जयानीले मार्चमा पारित संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को प्रस्ताव २८१७ पूर्ण रूपमा कार्यान्वयन गर्न आग्रह गर्नुभएको छ। उहाँले ओमानको तटमा जहाजमाथि भएको आक्रमणमा एक भारतीय नागरिकको मृत्यु तथा हुथी समूहले साउदी अरबतर्फ छवटा ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गरेको घटनाप्रति चिन्ता व्यक्त गर्दै पीडित परिवारप्रति समवेदना जनाउनुभयो।

असी देशको संयुक्त वक्तव्यमा इरानबाट छिमेकी मुलुकविरुद्ध भएका भनिएका आक्रमण, अन्तर्राष्ट्रिय व्यापारमा परेको अवरोध तथा ऊर्जा सुरक्षा र विश्व अर्थतन्त्रमा उत्पन्न जोखिमप्रति चिन्ता व्यक्त गरिएको छ। सहभागी देशहरूले अन्तर्राष्ट्रिय कानूनअनुसार हर्मुज जलघाँटी तत्काल खोल्न र कुनै अवैध शुल्क वा अवरोधबिना जहाजको सुरक्षित आवतजावत सुनिश्चित गर्न आग्रह गरेका छन्।

वक्तव्यमा यमनका हुथी समूहको गतिविधि, साउदी अरबविरुद्धका आक्रमण तथा लाल सागरमा भएका आक्रमणप्रति पनि चिन्ता व्यक्त गरिएको छ। बाब अल-मन्दब जलघाँटीतर्फ हुने थप गतिविधिले अन्तर्राष्ट्रिय समुद्री आवतजावत र विश्वव्यापी व्यापारमा जोखिम बढाउन सक्ने चेतावनी दिइएको छ।

## युक्रेनलाई प्याट्रियट मिसाइल उत्पादनको अनुमति दिने ट्रम्पको निर्णय

किएभ, ९ असोज (रासस/एएफपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेनलाई उन्नत प्याट्रियट हवाई प्रतिरक्षा मिसाइल उत्पादन गर्न अनुमति दिने अन्तिम निर्णय गरेको युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले बताउनुभएको छ। उहाँका अनुसार यस निर्णयपछि युक्रेनले आफ्नै भूमिमा प्याट्रियट मिसाइल उत्पादनका लागि आवश्यक इजाजतपत्र प्राप्त गर्नेछ।

रुसले युक्रेनमाथि प्रहार गर्ने ब्यालिस्टिक मिसाइल रोक्न प्याट्रियट प्रणाली प्रभावकारी मानिए पनि किएभले यस्ता मिसाइलको अभाव झेलिरहेको छ। जेलेन्स्कीले पत्रकारहरूलाई पठाउनुभएको भ्वाइस नोटमा पछिल्लो भेटका क्रममा राष्ट्रपति ट्रम्पले आफूले अन्तिम निर्णय गरिसकेको र युक्रेनले प्याट्रियट मिसाइल उत्पादनको अनुमति पाउने बताउनुभएको जानकारी दिनुभयो।

यसअघि जुलाईमा ट्रम्पले युक्रेनलाई यस्तो अनुमति दिनु उपयुक्त हुने बताउनुभएको थियो। तर पछि उहाँले अनुमति दिनुअघि अमेरिकाले यस विषयमा 'धेरै सावधानी' अपनाउनुपर्ने धारणा व्यक्त गर्नुभएको थियो। फेब्रुअरीमा अमेरिका र इजरायलबीच इरानसँग युद्ध भएपछि युक्रेनले प्याट्रियट इन्टरसेप्टर मिसाइलको थप अभाव सामना गर्नुपरेको जनाएको छ। त्यस क्रममा उन्नत हवाई प्रतिरक्षा प्रणालीका केही आपूर्ति अन्यत्र मोडिएको बताइएको छ।

युक्रेनलाई उत्पादनको अनुमति प्राप्त भए पनि तत्काल आवश्यकताका लागि भने त्यसले पर्याप्त सहयोग नगर्ने देखिएको छ। नयाँ औद्योगिक उत्पादन क्षमता स्थापना गर्न एक वर्षभन्दा बढी समय लाग्न सक्ने भएकाले किएभले आगामी जाडोअघि तत्काल सैन्य सहयोगका लागि अमेरिकासँग आग्रह गरिरहेको छ।

रुसले युक्रेनको विद्युत् तथा ताप आपूर्ति संरचनामाथि बारम्बार आक्रमण गर्दै आएकाले आगामी हिउँदमा त्यस्ता आक्रमण दोहोरिन सक्ने चिन्ता किएभले व्यक्त गरेको छ। जेलेन्स्कीले गत महिना युक्रेनलाई हिउँद पार गर्न अमेरिकाको प्याट्रियट इन्टरसेप्टर मिसाइलको पाँच प्रतिशत र रुसका सबै ब्यालिस्टिक प्रक्षेपण रोक्न १० प्रतिशत आवश्यक पर्ने बताउनुभएको थियो।

यससँगै किएभले आफ्नै ब्यालिस्टिक मिसाइल प्रतिरोधी प्रणाली विकास गर्ने प्रयास पनि अघि बढाइरहेको छ। जेलेन्स्कीका अनुसार युक्रेनले 'फ्रेयाम' नामक आफ्नै प्रतिरक्षा प्रणाली निर्माणमा काम गरिरहेको छ।

## इमरानका छोराद्वारा 'प्रतिआक्रमण'को चेतावनी

इस्लामावाद, ९ असोज (रासस/एएनआई)।

पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानका छोरा कासिम खानले सेप्टेम्बर २७ मा पाकिस्तान तहरीक-ए-इन्साफ (पिटिआई)ले गर्ने विरोध प्रदर्शनका क्रममा अडियाला जेलतर्फ मार्च नगर्न समर्थकहरूलाई आग्रह गर्नुभएको छ। उहाँले प्रदर्शनलाई आधार बनाएर जेलमा 'प्रतिआक्रमण' हुनसक्ने र त्यसबाट आफ्ना बुबाको जीवन जोखिममा पर्न सक्ने चेतावनी दिनुभएको छ।

सामाजिक सञ्जाल एक्समार्फत कासिमले जेलनजिक पदयात्रा वा प्रदर्शन नगर्न आफूलाई निर्देशन दिइएको बताउँदै विरोधका क्रममा आफ्ना बुबासँग कुनै 'दुर्घटना' हुने अवस्था सिर्जना नगर्न आग्रह गर्नुभयो। इमरान खान सन् २०२३ को अगस्टदेखि विभिन्न मुद्दामा दोषी ठहरिएपछि जेलमा रहनुभएको छ।

# ‘सतर्क रहौं, सुरक्षित रहौं’, मधेस सरकारको आग्रह

धनुषा, ९ असोज (रासस)।

भारी वर्षासँगै बाढी, पहिरो, डुबान तथा अन्य सम्भावित विपद्को जोखिम बढेपछि मधेस प्रदेश सरकारले उच्च सतर्कता अपनाउन आग्रह गरेको छ।

गृह, सञ्चार तथा कानुन मन्त्रालयले प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको बिहीबार बसेको बैठकको निर्णय तथा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट जारी सूचना र सतर्कतालाई आधार बनाउँदै विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि आवश्यक व्यवस्था मिलाइएको जनाएको हो।

मन्त्रालयका अनुसार सम्भावित विपद्को समयमा आवश्यक खाद्यान्न, दैनिक उपभोग्य वस्तु, औषधि तथा उद्धार सामग्रीको पूर्वव्यवस्था गरी तत्काल परिचालन गर्न सक्ने अवस्थामा राखिएको छ। सुरक्षा निकायलाई उच्च सतर्कताका साथ तयारी अवस्थामा राखिएको र आवश्यकताअनुसार उद्धार तथा सुरक्षाकार्यमा परिचालन गर्ने व्यवस्था मिलाइएको मन्त्रालयले जनाएको छ।

सम्भावित विपद्बाट बढी प्रभावित हुनसक्ने जोखिमयुक्त क्षेत्रको पहिचान गरी त्यहाँ रहेका नागरिकको सुरक्षालाई प्राथमिकतामा राखिएको मन्त्रालयले उल्लेख गरेको छ। ज्येष्ठ नागरिक, बालबालिका, महिला, अपाङ्गता भएका व्यक्ति तथा अन्य जोखिममा रहेका समूहको सुरक्षामा विशेष ध्यान दिइएको छ।

आवश्यक परे जोखिमयुक्त क्षेत्रबाट उनीहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने व्यवस्था मिलाइएको मन्त्रालयले जनाएको छ। स्थानीय तहसँग समन्वय गरी सम्भावित जोखिमको अवस्था पहिचान, उद्धार तथा राहत व्यवस्थापनलाई प्रभावकारी बनाउने तयारी गरिएको छ।

विपद्का समयमा सूचना सम्प्रेषणलाई प्रभावकारी बनाउन नियमित रूपमा मौसम, बाढी तथा अन्य जोखिमसम्बन्धी सूचना प्रवाह गर्ने व्यवस्था मिलाइएको छ। स्वास्थ्य, विद्युत् र सञ्चारजस्ता अत्यावश्यक सेवा अवरुद्ध हुन नदिन सम्बन्धित निकायबीच समन्वय र सहकार्यलाई उत्तिकै प्राथमिकता दिइएको छ।

गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले सम्भावित विपद्को जोखिमलाई ध्यानमा राख्दै नागरिकलाई आवश्यक सावधानी अपनाउन आग्रह गर्नुभयो। उहाँले नदी, खोला तथा डुबानको जोखिम भएका क्षेत्रमा अनावश्यक आवतजावत नगर्न र जोखिमयुक्त स्थानमा नजान अनुरोध गरिएको जानकारी दिनुभयो।

मन्त्री महतोले विपद्को समयमा सामाजिक सञ्जालमा फैलिने अपुष्ट सूचनाभन्दा सम्बन्धित सरकारी निकायबाट जारी हुने आधिकारिक सूचना र सुरक्षासम्बन्धी सन्देशलाई आधार बनाउनुपर्नेमा जोड दिनुभयो।

उहाँका अनुसार प्रदेशका सबै स्थानीय तहसँग समन्वय गरी स्थानीयस्तरमा पूर्वतयारी, उद्धार, राहत तथा प्रतिकार्यलाई प्रभावकारी बनाउने व्यवस्था मिलाइएको छ। सम्भावित विपद्को अवस्थामा प्रदेश, जिल्ला तथा स्थानीय तहका संयन्त्रबीच समन्वय गरी आवश्यक जनशक्ति र स्रोतसाधन तत्काल परिचालन गरिने उहाँले बताउनुभयो।

‘सतर्क रहौं, सुरक्षित रहौं’ भन्ने सन्देशसहित मन्त्री महतोले विपद्को जोखिम न्यूनीकरण तथा सम्भावित क्षति कम गर्न प्रदेश सरकार, स्थानीय तह, सुरक्षा निकाय, सञ्चार क्षेत्र र नागरिक समाजलगायत सबैलाई सहयोग र समन्वयका लागि आग्रह गर्नुभएको छ।

# भोटेकोशी बाढी विश्वकै लागि पनि चेतावनी हो : प्रधानमन्त्री

काठमाडौं, ९ असोज (रासस)।

प्रधानमन्त्री वालेन्द्र शाहले नेपालको भोटेकोशी नदीमा हालै आएको बाढी नेपालका लागि मात्र नभएर विश्वकै लागि पनि चेतावनी हो भन्नुभएको छ।

संयुक्त राष्ट्रसङ्घको ८१औं महासभालाई शुक्रबार बिहान सम्बोधन गर्दै प्रधानमन्त्री शाहले भन्नुभयो, “साताअघि, विश्वले नेपालको हिमाली समुदायमा तीव्रताका साथ आएको बाढीको भयावह दृश्य देख्यो, जसलाई धेरैले ‘हिमालयन सुनामी’ भनेका छन्। भोटेकोशी-त्रिशूली विपद् स्थानीय त्रासदी मात्रै थिएन, यो विश्वकै लागि पनि एउटा चेतावनी थियो।”

उहाँले सो चेतावनीको स्वर सुनियो त भनी महासभामा प्रश्न पनि गर्नुभयो। उहाँको प्रश्न थियो म आज तपाईंहरुसँग सोध्छु- के हामीले साँच्चै त्यो चेतावनी सुनेका छौं ?

उहाँले करिब तीन वर्षअघि, संयुक्त राष्ट्रसङ्घका महासचिवले नै नेपालको सगरमाथा क्षेत्रमा उभिएर विश्वको छानोका रुपमा रहेको हिमाल पग्लँदै गएको र त्यसले विश्वलाई नै जलवायु परिवर्तनको खतराको सन्देश दिइरहेको बताउनुभएको प्रसङ्ग पनि उल्लेख गर्नुभयो।

उहाँले भन्नुभयो, “तीन वर्षअघि महासचिवले हाम्रो सगरमाथा क्षेत्रमा उभिएर नजिकिँदै गरेको जलवायु विपत्तिको भयावह अवस्थाबारे मानवतालाई चेतावनी दिनुभएको थियो। विश्वको छानोबाट आएको त्यो चित्कार बुलन्द रूपमा सुनिएन। हामीले नेपालमा सुन्यौं, हाम्रो समुदायले सुन्यो। विश्वभरका वैज्ञानिकले सुने। उनीहरूले प्रमाणसहित त्यसलाई दोहोऱ्याइरहे। तर हामी विश्वका राजनीतिक नेतृत्वले त्यो चेतावनीलाई कार्यान्वयनमा बदल्न बेवास्ता गऱ्यौं।”

त्यसैको दुःखद् परिणाम नेपालले गत महिना भोटेकोशीको बाढीका रुपमा भोगेको प्रधानमन्त्रीको भनाइ थियो।

प्रधानमन्त्री शाहले जोखिममा रहेका मानिसको आवश्यकताअनुसार तीव्र गतिमा तात्दै गरेको जलवायुले नाजुक हिमालयको पारिस्थितिक प्रणालीलाई अस्थिर बनाएको बताउनुभयो।

प्रधानमन्त्रीले हिउँले जमेको माटो पग्लँदा हिमालको भिरालो भू-भागमा चिरा परेका तथा हिमचट्टानसहितको पहिरो, बाढीलगायत शृङ्खलाबद्ध जोखिम बढिरहेको पनि स्पष्ट गर्नुभयो।

# प्रधानमन्त्री शाह र राष्ट्रसंघका महासचिव गुटेरेसबीच भेटवार्ता

न्युयोर्क (अमेरिका), ९ असोज (रासस)।

प्रधानमन्त्री वालेन्द्र शाह र संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसबीच भेटवार्ता भएको छ।

संयुक्त राष्ट्रसङ्घको ८१औं महासभामा सहभागी हुने सिलसिलामा यहाँ रहनुभएका प्रधानमन्त्री शाहले महासभालाई सम्बोधन गर्नुअघि राष्ट्रसङ्घ मुख्यालयमा स्थानीय समयअनुसार साँझ ६:३० बजे (नेपाली समयअनुसार शुक्रबार बिहान ४:१५ बजे) महासचिव गुटेरेससँग भेट गर्नुभएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ।

भेटमा प्रधानमन्त्री शाहले नेपालप्रतिको सद्भावका लागि महासचिव गुटेरेसलाई धन्यवाद दिँदै उहाँको सफल कार्यकालका लागि बधाई दिनुभयो। रसुवाको भोटेकोशी नदीमा आएको विपद्बाट नेपालले ठूलो क्षति बेहोरेको उल्लेख गर्दै प्रधानमन्त्रीले हिमताल फुट्ने जोखिम अझै उच्च रहेको बताउनुभयो।

त्यस अवसरमा महासचिव गुटेरेसले भोटेकोशी विपद्मा भएको जनधनको क्षतिप्रति गहिरो समवेदना व्यक्त गर्दै जलवायु मुद्दामा संयुक्त राष्ट्रसङ्घ नेपालसँग ऐक्यबद्ध रहेको बताउनुभयो। उहाँले युवा नेपाली प्रतिनिधिमण्डलको प्रशंसा पनि गर्नुभयो। आफू सन् १९७८ मा पर्यटकका रूपमा नेपाल गएको स्मरण गर्दै महासचिव गुटेरेसले पदबाट निवृत्त भएपछि पनि नेपाललाई सहयोग गरिरहने प्रतिबद्धता व्यक्त गर्नुभयो।

साथै, प्रधानमन्त्री शाह र महासचिव गुटेरेसबीच नदी किनारका बासिन्दाको पुनर्वास र हरित पुनर्निर्माणका विषयमा छलफल भएको थियो। अतिकम विकसित राष्ट्र (एलडीसी) सूचीबाट नेपालको स्तरोन्नतिको समयसीमा विस्तारबारेमा पनि कुराकानी भएको थियो।

# आगामी दुई दिन अझै पश्चिमी क्षेत्रमा वर्षाको गतिविधि बढ्ने

काठमाडौं, ९ असोज (रासस)।

मौसमविद् राजन लामिछानेले आगामी दुई दिन अझै पश्चिमी क्षेत्रमा वर्षाको गतिविधि बढ्ने बताउनुभएको छ।

बङ्गालको खाडीमा विकसित न्यून चापीय प्रणालीको प्रभावले देशका अधिकांश भूभागमा वर्षा भइरहेको छ। नेपाल मौसम विज्ञान विभागका मौसमविद् राजन लामिछानेले पछिल्लो २४ घण्टामा कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका अधिकांश स्थानमा भारी तथा केही स्थानमा धेरै भारी वर्षा भएको जानकारी दिनुभएको छ। उहाँले पाल्पाको अर्चले मौसम मापन केन्द्रमा १४० मिलिमिटरभन्दा बढी वर्षा मापन भएको बताउनुभयो।

पछिल्ला दुई दिनदेखि विभिन्न स्थानमा लगातार वर्षा भइरहेको र कतिपय क्षेत्रमा भारीदेखि धेरै भारी वर्षा भएकाले बाढी तथा पहिरोको जोखिम बढेको उहाँको भनाइ छ।

“हाल न्यून चापीय प्रणाली भारतको छत्तीसगढ र आसपासको क्षेत्रमा अवस्थित रहेको र क्रमशः नेपालतर्फ सर्दै जाने र त्यसको प्रभाव शुक्रबारदेखि पश्चिमी भूभागतर्फ सर्दै जानेछ,” मौसमविद् लामिछानेले भन्नुभयो, “शुक्रबार र शनिबार विशेषगरी बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा वर्षाको गतिविधि बढी हुने देखिएको छ, पूर्वी क्षेत्रमा भने क्रमशः वर्षाको गतिविधि घट्दै जाने र मौसममा सुधार आउने सम्भावना छ।”

असोज १० गते शनिबारसम्म न्यून चापीय प्रणालीको प्रभाव पश्चिमतर्फ सर्दै जाने र लुम्बिनी तथा सुदूरपश्चिम प्रदेशका क्षेत्रमा वर्षाको गतिविधि बढ्न सक्ने पूर्वानुमान रहेको उहाँले बताउनुभयो।

असोज ११ गते आइतबार पूर्वी क्षेत्रमा मौसममा सुधार आउने देखिए पनि पश्चिमी क्षेत्रमा प्रणालीको प्रभाव कायम रहनेछ।

असोज १२ गतेदेखि देशभर मौसम क्रमशः सुधार हुने तथा असोज १३ गतेदेखि वर्षाको प्रभाव अझ कम हुने सम्भावना रहेको विभागको पूर्वानुमान छ।

मौसमविद् लामिछानेले मौसम प्रणाली निरन्तर परिवर्तन हुनसक्ने भएकाले विभागले यसको निगरानी गरिरहेको र आवश्यकताअनुसार पूर्वानुमान तथा चेतावनी अद्यावधिक गर्दै जाने बताउनुभयो।

भारी वर्षा भइरहेका तथा चेतावनी जारी गरिएका क्षेत्रमा बाढी, पहिरो र डुबानको जोखिमलाई ध्यान दिई अनावश्यक यात्रा नगर्न र आवश्यक सावधानी अपनाउन उहाँले आग्रह गर्नुभएको छ।

## राजबिराज नगरपालिका
### १ नं.वडा कार्यालय
### राजबिराज,सप्तरी
### मधेश प्रदेश,नेपाल

प.स. २०८३/०८४

च.न. ३५९

मिती :–२०८३।०६।०७

विषय:- सुचना सूचना सूचना।

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजबिराज नगरपालिका वाड नं. २ हाल १ बस्ने **खैरुन मियाइन** ले नर्पामिलका जग्गाहरु नामसारी गर्न सिफारिश गरि पाउं भनि मिति २०८३।०६।०७ गते मा द.न.२९७ को निवेदन दिएको हुदां सो जग्गामा कसैको हक दावी भए सूचना प्रकाशित भएको मितिले ३५.दिन भित्र आफनो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी गराइन्छ।

तमसिल

जिल्ला सप्तरी रा.बि.न.पा.२ हाल १ बस्ने **इमामुदिन मियाँ** नाउको दर्ताको जग्गा

| जिल्ला | गा.बि.स./न.पा. | वार्ड नं. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | चनौरा पडरीया | ३ | १५३ | ०-१-१२ |
| सप्तरी | चनौरा पडरीया | ४ | ७४ | ०-४-० |
| सप्तरी | चनौरा पडरीया | ३ | २३१० | ०-२-१ |

# करेन्ट लागेर एकको मृत्यु, चार घाइते

**दैनिक समाचारदाता**

**बारा, ९ असोज।**

बाराको कोल्हवी नगरपालिका ३ जुगुवा टोलमा करेन्ट लागेर एक बालकको मृत्यु भएको छ भने चार जना घाइते भएका छन्।

मृत्यु हुनेमा स्थानीय श्याम रामका १० वर्षीय छोरा आकाश छन्। घरमा टेलिभिजन चलाउने क्रममा बिजुलीको तार सर्ट भई करेन्ट लाग्दा आकाश गम्भीर घाइते भएका थिए। उपचारका लागि उनलाई प्रादेशिक अस्पताल कलैया लगिएकामा चिकित्सकले इसिजी परीक्षण गर्दा अस्पताल ल्याउनु अघि नै मृत्यु भइसकेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता मीनबहादुर घलेले जानकारी दिएका छन्।

प्रहरी प्रवक्ता घलेका अनुसार करेन्टबाट बालकलाई छुटाउने क्रममा उनकी हजुरआमा ७० वर्षीया ऐतबरिया देवी, दिदी १२ वर्षीया निलम, छिमेकी ४० वर्षीया फूलकुमारी राम र ४१ वर्षीया अनिता शर्मा गम्भीर घाइते भएका छन्।

उनीहरूमध्ये ऐतबरिया, फूलकुमारी र अनिताको कोल्हवीस्थित तामागाढी अस्पतालमा उपचार भइरहेको छ भने निलमको कोल्हवीस्थित सिटी अस्पतालमा उपचार भइरहेको र उहाँको अवस्था मध्यम रहेको प्रहरीले जनाएको छ।

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*